**अनुसूची-२**

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

भजनी नगरपालिका, कैलाली

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः ८ प्रमाणिकरण मितिः २०८०/०२/२६ प्रकाशन मितिः २०८०/०२/२८

## भाग-२

### भजनी नगरपालिकाको भलमन्सा प्रणाली परिचालन सम्बन्धि कार्यविधि, २०८०

**प्रस्तावनाः**

नेपालको संविधान २०७२ ले परिकल्पना गरेको सामाजिक न्याय, मेलमिलाप, सद्भाव र दीगो विकासका लागि समुदायमा चिरकाल देखी अभ्यासमा रहेको भलमन्साको भूमिकालाई विकास निर्माण, न्याय निरुपण र समाज परिचालनमा अझै प्रभावकारी बनाउन वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम भजनी नगरपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

**परिच्छेद १**

**नाम र परिभाषा**

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यस कार्यविधिको नाम''भजनी नगरपालिकाको भलमन्सा प्रणाली परिचालन सम्बन्धि कार्यविधि, २०८०''रहेको छ।

(ख) यो कार्यविधि भजनी नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भए पछि प्रारम्भ हुनेछ।

**२. परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

(क) **''भलमन्सा तथा बरघर प्रथा वा प्रणाली''** भन्नाले थारु समुदायले स्वायत्त र स्वशासित रुपमा आफ्नो साँस्कृतिक प्रथा र प्रथाजनित कानून अनुसार चीरकाल देखि निरन्तर अभ्यास गर्दै आएको प्रचलन वा प्रणालीलाई सम्झनु पर्दछ।

(ख) **''नगरपालिका''** भन्नाले भजनी नगरपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(ग) **''गाउँ''** भन्नाले भजनी नगरपालिकाको विभिन्न वडाभित्र छुट्याइएको र नामाकरण गरि अस्तित्वमा रहेको क्षेत्रलाई गाउँ सम्झनु पर्दछ।

(घ) **''टोल''** भन्नाले गाउँको सीमाना भित्रको क्षेत्र पुरुवा (टोल) लाई सम्झनु पर्दछ।

(ङ) **''प्रथा''** भन्नाले परम्परागत रुपमा चलिआएको आदिवासी थारुको संस्कृति, परम्परा, प्रचलन र अभ्यासलाई सम्झनु पर्दछ।

(च) **''प्रणाली''** भन्नाले भलमन्सा प्रणालीलाई सम्झनु पर्दछ।

(छ) **''जुटहेला / खोज्नीबोज्नी/माघी''** भन्नाले प्रत्येक वर्षको माघ महिना भरी भलमन्सा प्रथाबाट स्वशासित बस्तीमा बसोवास गर्ने मानिसहरुले आफ्नो नेतृत्व चयन गर्न, वर्षभरिको कार्य प्रगतिको समीक्षा, नीति नियम बनाउन बोलाइएको भेलालाई सम्झनु पर्दछ ।

(ज) **''प्रमुख''** भन्नाले भजनी नगरपालिकाका प्रमुखलाई सम्झनु पर्दछ ।

(झ) **''उपप्रमुख''** भन्नाले भजनी नगरपालिकाका उप्रमुखलाई सम्झनु पर्दछ ।

(ञ) **''वडाध्यक्ष''** भन्नाले भजनी नगरपालिकाभित्रको जुन बडामा उक्त गाउँ रहेको छ, सोही वडाको वडाध्यक्षलाई सम्झनु पर्दछ ।

(ट) **''भलमन्सा''** भन्नाले जुटहेला बाट चयन भएका गाउँ/ टोलका प्रमुखलाई समेत बुझाउने छ|

(ठ) **''चिरक्या''** भन्नाले परम्परादेखि चलिआएको धार्मिक, सांस्कृतिक अनुष्ठानमा सहयोग गर्ने तथा गाउँको साझा देवतामा नियमित दियो बाल्ने र पुजा पाठ गर्ने, चाडपर्व र भोज विवाहमा चोखो आगोको व्यवस्था मिलाउने र उज्यालो पार्ने कार्यका लागि नियुक्त भएका व्यक्तिलाई सम्झनु पर्दछ ।

(ड) **''चौकीदार वा अघरिया''** भन्नाले गाउँको चौकीदारी गर्ने, रेखदेख, सूचना प्रबाह र आपत विपदको बेलामा सहयोग गर्ने कार्यको लागि नियुक्त भएका व्यक्तिलाई सम्झनु पर्दछ ।

ढ) **''बेगारी''** भन्नाले भलमन्साको नेतृत्वमा गाउँको सार्वजनिक कामका लागि सम्बन्धित गाउँ वा टोलका सबै घरधुरी वा आलोपालो गरी उपस्थित भई निःशुल्क श्रमदान वा सीप दान वा सामूहिक रुपमा गरिने कार्यलाई सम्झनु पर्दछ ।

(ण) **''गुरुवा''** भन्नाले भलमन्सा प्रथा अन्तर्गत गाउँको धार्मिक तथा सांस्कृतिक अनुष्ठान गर्नको लागि गाउँको खोज्नीवोज्नीबाट छनोट भएको व्यक्तिलाई सम्झनु पर्दछ ।

(त) **''केसौका''** भन्नाले गुरुवाको सहयोगीलाई सम्झनु पर्दछ ।

(थ) **''बाली वा तिहाइ''** भन्नाले जुटहेला बाट चयन भएका पदाधिकारीहरुलाई गाउँको सेवाबाफत दिइने जिन्सी या नगद पारिश्रमिकलाई सम्झनु पर्दछ ।

(द) **''घरौरा''** भन्नाले गाउँको घरधुरीलाई सम्झनु पर्दछ ।

(घ) **''कचेहरी''** भन्नाले सामाजिक न्याय निरुपण गर्नका लागि बस्ने गाउँको भेलालाई सम्झनु पर्दछ ।

(न) **''न्यायीक समिति''** भन्नाले नगरपालिकामा गठन भएको न्यायीक समितिलाई सम्झनु पर्दछ ।

(प) **'' कार्यविधि ''** भन्नाले भजनी नगरपालिकाको भलमन्सा प्रणाली परिचालन सम्बन्धि कार्यविधि, २०८०लाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## भलमन्साको कार्यक्षेत्र, परिचयपत्र र अभिलेख

**३. भलन्साको कार्यक्षेत्र**

थारु समुदायको परम्परागत प्रथाजनित संगठनको क्षेत्राधिकार सम्बन्धित एक गाउँ वा टोलमा रहनेछ । निजले सोही गाउँ/टोल समुदायको अगुवाई गर्नेछ ।

**४. परिचयपत्र सम्बन्धी व्यवस्था**

प्रत्येक वर्ष गाउँको जुटहेला बाट छनोट भएका भलमन्सा प्रणालीभित्रका पदको जिम्मेवारी पाउने व्यक्तिलाई सम्बन्धित वडा कार्यालयले अनुसूची नं. १बमोजिमको परिचय पत्र प्रदान गर्नेछ ।

**५. अभिलेखः-**भलमन्सा/ बरघर प्रणालीले प्रत्येक वर्ष गरेको कार्य र गतिविधिको लेखाजोखा र अभिलेखिकरण गरिनेछ ।

## परिच्छेद ३

## गाउँ जुटहेला, संगठन प्रणालीको गठन र बैठक सम्बन्धी व्यवस्था

### ६. गाउँ जुटहेला

(क) गाउँको सीमानाभित्र पर्ने प्रत्येक घरधुरीबाट महिला र पुरुष मध्ये कम्तीमा एक जनाको प्रतिनिधित्व भएको गाउँको जुटहेला(भेला) हुनेछ। जुटहेला (भेला) भलमन्सा प्रणालीको सर्वोच्च अंग हुनेछ|

(ख) गाउँको जुटहेला (भेला) प्रत्येक वर्षको माघ महिनामा सम्पन्न गर्नुपर्ने छ ।

(ग) गाउँको जुटहेला(भेला) मा सम्बन्धित वडाका जनप्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ ।

(घ) चौकीदार मार्फत १ दिन अगावै गाउँका सबै घरधुरीलाई जानकारी दिनु पर्नेछ ।

(ङ) जुटहेला(भेला) मा गाउँ स्तरको योजना छनोट गरिने छ । योजना छनोटमा जनप्रतिनिधिहरुको उपस्थिति अनिवार्य गरिनेछ ।

### ७. गाउँ जुटहेला(भेला)को काम, कर्तव्य र अधिकार :-

(क) गाउँमा वर्षभरी भए गरेका कामको समीक्षा गर्ने, आम्दानी र खर्चको सार्वजनिक सुनवाई,सोधखोज र अनुमोदन गर्ने ।

(ख) भलमन्सा संगठन प्रणाली अन्तर्गतका पदहरु, जस्तै, भलमन्सा, गुरुवा, केसौका, चौकीदार, चिरक्या आदिको खोज्नीबोनी गर्ने, चयन गर्ने ।

(ग) गाउँ चलाउनको लागि गाउँको मूल्य मान्यता, परम्परा र नियम, कानुन बनाउने ।

(घ) आगामी वर्षका लागि आम्दानीको श्रोत पहिचान र निर्धारण, बाली वा तिहाई, खारा, डॉर आदि निर्धारण गर्ने।

(ङ) भलमन्सा प्रणाली भित्रका पदलाई दिने सेवा सुविधा निर्धारण गर्ने ।

### ८. भलमन्सा संगठन प्रणाली:-

(क) प्रत्येक गाउँमा एक वटा मात्रै भलमन्सा प्रणाली रहदै आएकोले सोही अनुसार संरचना बनाउनुपर्ने छ ।

(ख) भलमन्सा प्रणाली आफैमा स्वायत्त हुनेछ । यसर्थ गाउँ भलमन्साले आफ्ना परम्परागत कार्यहरु गर्न स्वतन्त्र रहनेछ तर, विकास निर्माणका कार्यहरु गर्दा वडा वा नगरपालिकासँग समन्वय र सहकार्य गर्न सक्नेछ ।

(ग) गाउँको हितको लागि आवश्यकता अनुसार अन्य वडा तथा अन्य पालिका स्तरका भलमन्साबिच समन्वय र साझेदारी गर्न सक्ने छ ।

### ९. भलमन्सा प्रणालीभित्रको पदका लागि योग्यता:-

१. भलमन्सा पदका लागि योग्यताहरु

(क) नेपाली नागरिक गाउँमा कम्तीमा ५ वर्षदेखि स्थायी, नियमित बसोबास गरेको, साधारण लेखपढ गर्न सक्ने र गाउँ समुदायको नजरमा उच्च नैतिक चरित्र भएको हुनु पर्नेछ ।

२. गुरुवा र केसौका हुनका लागि योग्यता

(क) नेपाली नागरिक हुनुपर्ने छ, सोही गाउँ वा नजिकको गाउँमा नियमित बसोबास भएको, गाउँ समुदायको विश्वास, मान्यता, संस्कृति र परम्परा अनुसार गाउँको साझा पूजापाठ गर्न मन्त्र विद्या जानेबुझेको, अनुभव भएको र दिन दुःखी बिरामीहरुलाई सहयोग गर्ने भावना भएको ।

## परिच्छेद ४

## गाउँ भलमन्साको काम, कर्तव्य र अधिकार

**१०. भलमन्साको काम, कर्तव्य र अधिकार**

(क) भलमन्साले गाउँका सबै मानव, चराचर, पशुपन्छीको संरक्षकत्व प्रदान गर्नुपर्ने छ,

(ख) दैवी प्रकोप, वाह्य आक्रमण वा हस्तक्षेपबाट गाँउलाई सुरक्षित बनाउने, आपत बिपतमा राहत दिने र मानवीय सहयोग जुटाउने कार्य गर्ने, गाउँमा कसैले अन्याय परेको गुनासो गरेमा गाउँको भेला बोलाई आवश्यक निर्णय गर्ने ।

(ग) गाउँभित्र कुनै घर छुट्टिन चाहेमा भलमन्सा वा निजको प्रतिनिधि उपस्थित भई मानो वा घर छुट्टिनु वा अंशबन्डाको सामाजिक, कानुनी व्यवस्था बारे आफुले जानेको जानकारी दिने सामाजिक न्याय कायम राख्दै मानो छुट्याउन र घर बनाउन सहयोग गर्ने ।

(घ) गाउँमा रहेको सार्वजनिक सम्पत्तिको रेखदेख, संरक्षण र सदुपयोग गर्न वडा/ नगरपालिकालाई सहयोग गर्ने गराउने ।

(ङ) सामाजिक सेवाका क्षेत्रमा विपन्न समुदायको पहुँच र अर्थपूर्ण सहभागिता रहने व्यवस्थाका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने तथा प्रचलित कानून बमोजिम न्याय निरोपणमा विशेष ध्यान दिने ।

(च) गाउँघरमा कुनै पनि भै-झगडा, विवाद मिलाउने जस्ता न्याय निरुपणको कार्य सम्पादन गर्दा नेपालको प्रचलित कानूनको अधिनमा रही गर्नुपर्ने छ ।

(छ) भलमन्सा समक्ष कुनै पीडित पक्षले न्याय पाउन अर्जी गरेमा उक्त विषयको अभिलेख राखी सके सम्म तालिम प्राप्त मेलमिलापकर्ताको सहभागितामा छलफल गराउन मध्यस्तताको भूमिका निर्वाह गर्ने ।

(ज) नगरपालिका, वडा, न्यायीक समिति तथा अर्ध न्यायीक संस्थाबाट मध्यस्तता, मेलमिलाप, सहजीकरण लगायत कार्यका लागि अनुरोध भई आएमा सो सम्बन्धी कार्य गर्ने ।

(झ) नगरपालिकाको वार्षिक योजना बनाउने सिलसिलामा टोल/वस्ति भेला गर्न सहयोग गर्ने, जनसहभागिता जुटाउने, स्थानीय स्तरका बिकास निर्माण सम्बन्धमा वडा तथा नगरपालिकालाई आवश्यक सहयोग गर्ने, स्थानीय व्यक्तिका प्रशासनिक तथा कानुनी कार्यका सम्बन्धमा सम्बन्धित निकायसँग आवश्यक समन्वय र सहजीकरणमा सहयोग गर्ने।

(न्य) विकास निर्माण कार्यका लागि श्रोत र साधनको व्यवस्था मिलाउन बिभिन्न सरकारी, गैरसरकारी, संघसंस्था आदिसँग समन्वय गर्ने, गाउँमा नगरपालिका वा अन्य साझेदारी निकायबाट संचालन हुने विकास निर्माण सम्बन्धि योजनामा श्रमदान गर्नुपर्ने भएमा योजना सम्झौता अनुसार श्रमदान गराउनु पर्ने र सामुहिक कार्यमा अनुपस्थित हुने घरपरिवारलाई गाउँ भेलाको निर्णयानुसार खारा मार्ने ।

(ट) गाउँमा बर्षभरी मनाईने चाडपर्व र पूजापाठमा सबैको सहयोग लिएर लोक नृत्य, लोक गीत, लोक बाजा, लोक संस्कृतिको संरक्षण गर्ने र सांस्कृतिक कार्य गर्ने, गराउने ।

(ठ) गाउँको सम्पर्क र समन्वय कर्ताको रुपमा नगरपालिका, वडा कार्यालय, विभिन्न संघ संस्था र पक्षहरुसित सम्पर्क, समन्वय, सहकार्य गर्ने ।

(ड) गाउँको समस्याको बारेमा वडा कार्यालयलाई जानकारी गराउने र आवश्यक सहयोगको लागि अनुरोध गर्ने ।

(ण) विभिन्न निकायबाट प्राप्त हुने कार्यक्रम, अनुदान र सहयोगलाई सम्बन्धित लाभग्राहिलाई न्यायोचित वितरणको व्यवस्था मिलाउने ।

(त) विपद पूर्व तयारी, शिक्षा, स्वास्थ्य, सरसफाई आदि क्षेत्रको सूचना गाउँमा संप्रेषणको व्यवस्था मिलाउने , सामाजिक समस्या, विकृति, अन्याय र अत्याचारको विरुद्ध जन परिचालन गर्ने, समानता, समता, सामाजिक, सांस्कृतिक न्याय, धार्मिक सद्भाव, एकता कायम गर्ने गराउने ।

**११. भलमन्सासँग समन्वयः-** सम्भव भए सम्म स्थानीय तह वा कुनै पनि गैर सरकारी संस्थाले गाउँमा कार्यक्रम सञ्चालन गर्नुपरेमा भलमन्सासँग समन्वय गर्नु पर्नेछ ।

**१२. भलमन्सालाई समन्वय खर्च सम्बन्धमाः-**

(१) भलमन्सा प्रणालीले स्थानीय स्तरमा बिकास निर्माण, सानातिना बिबादको समाधान,वडा तथा नगरपालिकाले बिभिन्न कार्यक्रममा भलमन्साको सहयोग लिनुपर्ने र भलमंसाले बिभिन्न सरकारी तथा गैर सरकारी संस्थासंग समन्वय गरी राख्नु पर्ने, सोको लागी बिभिन्न स्थानमा आवतजावत गर्नुपर्ने भएकाले नगरपालिकाले भलमंसाहरुलाई यातायात, सम्पर्क, समन्वय र सुचना सम्प्रेषण गर्नका लागी बार्षिक रुपमा केही नगद वा जिन्सी संचार र समन्वय खर्च बापत प्रदान गर्न सक्नेछ ।

(२) उपदफा १ बमोजिम भलमन्सा प्रणालीलाई प्राप्त जिन्सी सामाग्री पदबाट मुक्त भए पछि जुटहेला (भेला)मा हस्तान्तरण गरी र नयाँ चयन भएका प्रणाली अन्तर्गतका व्यक्तिलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद ५

**१३. सहभागीता र प्रतिनिधित्व :-**

(क) स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन २०७४ को नियम ५.७ अनुसारको नगर सभाबाट बजेट तथा कार्यक्रम स्वीकृत भई सार्वजनिकीकरण हुने कार्यक्रममा भलमन्सालाई आमन्त्रित गरिनेछ ।

(ख) स्थानीय सरकार सञ्चालन ऐनको दफा ४७ बमोजिमको अधिकार क्षेत्रभित्र रही न्याय निरुपण गर्दा विवादित पक्ष रहेको गाउँको भलमन्सालाई आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ ।

## परिच्छेद ६ :

## विविध

**१४. बाधा अड्काउ फुकाउः-**यो कार्यबिधि नेपालको प्रचलित कानूनसँग बाझिएमा बाझिएको हकमा स्वतः निस्क्रिय वा अमान्य हुनेछ ।

**अनुसूची १**

(दफा ४ बमोजिम)

(भलमन्सा प्रणालीभित्रका पद ग्रहण गर्ने व्यक्तिलाई दिइने परिचय पत्र)

भजनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, भजनी, कैलाली

...... नं. वडा कार्यालय, ..........

**भलमन्सा परिचय पत्र**

नाम :

पद :

ठेगाना :

जन्म मिति :

ना. प्र. नं.:

सम्पर्क नं :

रक्त समुह :

हालसालै खिचेको पासपोट साइजको फोटो

जारी मिति : कायम रहने मिति : प्रमाणित गर्नेको दस्तखत

परिचयपत्र वाहकको दस्तखत:- वडा अध्यक्ष